# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
## विशेष साधारण सभाको निर्णय विवरण

१. वैधानिक सभाको काम कारवाही:

यस कम्पनीको ७०औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको प्रबन्ध पत्र, नियमावली बमोजिम बोलाईएको विशेष साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री प्रदीप जङ्ग पाण्डेज्यूको अध्यक्षतामा देहायको मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गरी सम्पन्न भयो । सभा सम्बन्धी विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

२. सभा भएको मिति, स्थान र समय:

मिति : २०७९/०४/०६ गते (तदनुसार २२ जुलाई २०२२) शुक्रवार ।
स्थान : होटल हिमालय, कुपण्डोल, ललितपुर ।
समय : अपरान्ह ३:०० बजे ।

३. उपस्थिति:

क. सञ्चालकहरुको उपस्थिति :

१. श्री प्रदीप जङ्ग पाण्डे – अध्यक्ष
२. श्री सुमित कुमार अग्रवाल – सञ्चालक
३. श्री मनोज कार्की – सञ्चालक
४. श्री महेश स्वांर – सञ्चालक

ख. पदाधिकारीहरु :

१. श्री पोषक राज पौडेल – प्रमुख कार्यकारी अधिकृत
२. श्री दशरथ मणी खड्का – प्रमुख सञ्चालन अधिकृत
३. श्री दिप बहादुर वि.सी. – कम्पनी सचिव एवं नायव महाप्रबन्धक
४. श्री भुषण रिमाल – प्रमुख बजार व्यवस्थापन अधिकृत

ग. प्रतिनिधिहरु :

१. श्री रामकृष्ण निराला – कानुनी सल्लाहकार
२. श्री डा. रुद्र शर्मा – निर्वाचन अधिकृत

घ. उपस्थित शेयरधनीहरु:

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | १९५ | ७४ | ३७.९४ |
| शेयर संख्या | १,७५,००,००० | १,२३,८०,००० | ७०.७४ |

४. सूचना प्रकाशन:

कम्पनीको विशेष साधारण सभा हुने मिति, स्थान, समय र छलफल गरिने विषयहरु (प्रस्तावहरु) समेत खुलाई मिति २०७९/०३/२० मा कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र मिति २०७९/०३/३१ मा सोही पत्रिकामा दोश्रो पटक कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १८(३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि सूचना प्रकाशित गरिएको थियो । साथै सो सम्बन्धी सूचना कम्पनीको वेवसाईटमा समेत उपलब्ध गराईएको थियो ।

५. छलफलका विषयहरु:

(क) सामान्य प्रस्ताव:

१. सञ्चालक समिति सदस्यहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

(ख) विशेष प्रस्ताव:

१. नियामक निकायले तोके बमोजिम कम्पनीको अधिकृत तथा जारी पूंजी वृद्धि गर्ने सम्बन्धमा ।

२. कम्पनीको पूंजी वृद्धि एवं अन्य व्यवस्थाहरु समेत समावेश गरी प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने र सो संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समावेश गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

३. नियामकीय निर्देशन तथा समयानुकूल पूंजी वृद्धिको आवश्यकतालाई दृष्टिगत गरी भविष्यमा अन्य कुनै जीवन बीमा कम्पनीसंग एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने प्रयोजनको लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान तथा छनौट गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि बीमा समिति समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा कम्पनी एकआपसमा गाभ्ने/गाभिनेसंग सम्बन्धित प्रचलित नियम, कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य एवं प्रक्रियाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देशन गरे बमोजिम विवरणहरु उपलब्ध गराउने लगायतका कम्पनी गाभ्ने/गाभिने सम्बन्धी अन्य आवश्यक कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा ।

(ग) विविध ।

६. सभाको गणपुरक संख्या:

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | १९५ | ७४ | ३७.९४ |
| शेयर संख्या | १,७५,००,००० | १,२३,८०,००० | ७०.७४ |

७. सभाको वैधानिकता र अध्यक्षता:

विशेष साधारण सभाको कारबाई शुरु हुनु अघि कम्पनी सचिव श्री दिप बहादुर वि.सी. ले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिम प्रक्रिया पुरा गरी सभा बोलाइएको र यो सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम आवश्यक गणपुरक संख्या पुरा भै सभाको वैधानिकता कायम भएको

काठमाडौं

घोषणा गर्नु हुदै सञ्चालक समितिका अध्यक्ष श्री प्रदीप जङ्ग पाण्डेज्यूलाई सभाको अध्यक्षता ग्रहणको लागि अनुरोध गर्नुभयो । ततपश्चात सभाध्यक्षज्यूबाट सभा सञ्चालनको लागि अनुमति प्रदान गर्नुभयो ।

८. सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति:

कम्पनीको विशेष साधारण सभा सञ्चालन गर्ने क्रममा सभाका अध्यक्ष श्री प्रदीप जङ्ग पाण्डेज्यूले आफ्नो मन्तव्य राख्नु हुदै विश्वव्यापी रुपमा भईरहेको आर्थिक मन्दी र देश भित्रको राजनैतिक अवस्था, आर्थिक उतार चढावका वावजुद कम्पनीले अवलम्बन गरिआएको व्यवसायिक रणनीति, संस्थागत सुशासन, पारदर्शिता तथा कम्पनीले प्रदान गरिरहेको उच्चस्तरको ग्राहकमुखी प्राविधिक सेवाले कारोबार शुभारम्भ गरेको पांच वर्षको छोटो अवधिमा नै कम्पनीले हासिल गरेको उपलब्धी उत्साहजनक रहेको जानकारी गराउनु भयो । गत वर्षको कारोना महामारीका कारण भर्खर उठ्न खोजेको बजार अर्थतन्त्र, विद्यमान अन्तराष्ट्रिय परिस्थिती लगायतका कारण प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावबाट चुनौती थपिएको र त्यसका बावजुद कम्पनीले आफ्नो व्यवसायमा ५१ प्रतिशतले वृद्धि गरी ५३१ करोडको व्यवसाय हासिल गर्न सफल भएको सभामा जानकारी गराउनु भयो ।

देशको अस्थिर राजनैतिक अवस्था, उत्पादनशील क्षेत्रमा भएको लगानी संकुचन, बैंकिङ्ग क्षेत्रमा देखिएको तरलताको स्थिति आदि कारणले दीर्घकालीन लगानीका अवसरहरु न्यून हुनु तथा व्यवसाय विस्तार गर्न चुनौतीपूर्ण रहेको अवस्थामा कम्पनीले हासिल गरेको व्यवसायिक उपलब्धी सन्तोषजनक रहेको र यसबाट लगानीकर्ताहरु लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो ।

कम्पनीमा अवलम्बन गरिएको कुशल व्यवसायिक नीति, संस्थागत सुशासनको सफल कार्यन्वयन तथा कम्पनीमा कार्यरत दक्ष व्यवस्थापन समूहको कुशल कार्यदक्षता एवम् जीवन बीमाको व्यवसायिक मूल्य एवम् मान्यता अन्तर्गत रही यस कम्पनी सर्वसाधारण सेवाग्राही बीच आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भएको तथा जीवन बीमाको क्षेत्रमा आफ्नो विशेष पहिचान कायम राखी मुलुकको आर्थिक उन्नतिमा कम्पनीको तर्फबाट योगदान दिदै भविष्यमा समेत जीवन बीमाका क्षेत्रमा थप नवीनतम् योजनाहरु प्रचलनमा ल्याई जीवन बीमाको पहुंच नेपाल राज्यभर पुर्‍याउन कम्पनीको सञ्चालक समिति जिम्मेवार भई पहल गर्ने व्यहोरा सभामा जानकारी गराउनु भयो । कार्यसूची बमोजिमका प्रस्तावहरु उपर छलफल गरी सम्पूर्ण शेयरधनी महानुभावहरुबाट स्वीकृत हुने आशा व्यक्त गर्दै कम्पनीले हासिल गरेको उपलब्धी तथा भावी रणनीतिका सम्बन्धमा प्रकाश पार्न कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई निर्देशन प्रदान गर्नुभयो ।

९. विशेष साधारण सभाका सभाध्यक्षज्यूको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृतबाट कम्पनीको संक्षिप्त व्यवसायिक समीक्षा तथा बीमा समितिबाट जारी पूंजी वृद्धि सम्बन्धमा कम्पनीले तयार गरेको कार्य योजनाका सम्बन्धमा जानकारी गराउदै कम्पनीले संकलन गरेको बीमा शुल्क, लगानीबाट प्राप्त आय, तथा कम्पनीको समसमयिक विषयहरुका सम्बन्धमा विवरणहरु प्रस्तुत गर्नु भयो । साथै कम्पनीले हालसम्म हासिल गरेको उपलब्धी, कम्पनीले प्रस्तुत गरेका विभिन्न जीवन बीमा योजनाहरु, जीवन बीमा व्यवसायका अवसर तथा चुनौतीहरु, तथा कम्पनीको भावी रणनीति आदि समेतको बारेमा प्रस्तुती मार्फत सभालाई जानकारी गराउनु भयो ।

१०. छलफलको लागि आहवान:

विशेष साधारण सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवबाट सभा समक्ष विशेष प्रस्तावहरु उपर आ-आफ्नो प्रश्न, जिज्ञाशा, प्रतिक्रिया, मन्तव्य एवम् सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आहवान गर्नुभएकोमा प्रमुख कार्यकारी अधिकृतको प्रस्तुती एव अध्यक्षज्यूको मन्तव्यमा आवश्यक जानकारी प्राप्त गरिसकेको हुदा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुबाट कुनै जिज्ञासाहरु नरहेको हुदा कार्यक्रमलाई अघि बढाउन ताली बजाएर समर्थन गर्नुभयो ।

काठमाडौं

११. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका राय, जिज्ञासा, तथा सुझावहरु उपर सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष एवम् सभाध्यक्षज्यूले दिनु भएको प्रतिक्रिया तथा नीतिगत जवाफ:

सभाध्यक्षज्यूले शेयरधनीहरुको सहयोग एवम् आत्मविश्वास तथा सहयोगी भावनाले कम्पनीले प्रगती हासिल गर्न सकेको विश्वास व्यक्त गर्दै यसै विशेष साधारण सभामा प्रस्तुत पूंजी वृद्धि सम्बन्धी प्रस्तावको निर्णयबाट चाडै नै थप लगानी गर्ने प्रक्रिया शुरु गरी सर्वसाधारणहरुको तर्फबाट कम्पनीको शेयरमा प्रतिनिधित्व गराई पूर्णता दिईने जानकारी गराउनु भयो । त्यसैगरी नियमनकारी निकायबाट पूंजी वृद्धि सम्बन्धी निर्णयले लगानीमा राम्रो अवसर प्राप्त भएको र सबै शेयरधनीहरुलाई यस अवसरको सदुपयोग गरी कम्पनीको पूंजीगत क्षमता वृद्धि गर्न जानकारी गराउनु हुदै सभाको कार्यक्रम अघि बढाउन अनुरोध गर्नुभयो ।

१२. निर्णयहरु:

विशेष साधारण सभामा पेश भएका प्रस्तावहरु उपर विस्तृत रुपमा छलफल भई देहाय बमोजिम पारित गरियो ।

(क) सामान्य प्रस्ताव:

१. सञ्चालक समिति सदस्यहरुको निर्वाचन गर्ने सम्बन्धमा:

कम्पनीको सञ्चालक समिति सदस्यहरुको पदावधि चार वर्षको रहने र मौजुदा सञ्चालक समिति सदस्यहरुको पदावधि मिति २०७९/०१/०७ सम्म रहेकोमा साधारण सभामा निर्वाचन प्रक्रियाबाट सञ्चालक चयन गर्न निर्वाचन अधिकृत श्री रुद्र शर्मालाई नियुक्त गरिएकोमा निर्वाचन अधिकृतले कम्पनीका संस्थापक शेयरधनीहरुको तर्फबाट कम्पनीको नियमावली बमोजिम चार जना सञ्चालक समिति सदस्य पदको लागि निर्वाचन निर्देशिका अनुरुप रीतपूर्वक प्रक्रिया पुऱ्याई निर्वाचन कार्यक्रम सम्पन्न गरेको सभामा जानकारी गराउनु भयो । यसरी संस्थापक समूहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने चार जना सञ्चालक सदस्यको लागि चार जनाको मात्र मनोनयन परेको र उक्त मनोनयन उपर कुनै दावी विरोध नपरेकोले संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न देहायका व्यक्तिहरु निर्विरोध रुपमा सञ्चालकमा निर्वाचित भएको व्यहोरा निर्वाचन अधिकृतले घोषणा गर्नुभयो ।

१. श्री प्रदीपजङ्ग पाण्डे
२. श्री सुमित कुमार अग्रवाल
३. श्री मनोज कार्की
४. श्री महेश स्वांर

(ख) विशेष प्रस्ताव:

१. नियामक निकायले तोके बमोजिम कम्पनीको अधिकृत तथा जारी पूंजी वृद्धि गर्ने सम्बन्धमा:

नियामक निकाय श्री बीमा समितिबाट बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ पहिलो संशोधनबाट जीवन बीमा व्यवसायको निमित्त रु. पांच अर्ब चुक्ता पूंजी भएको हुनु पर्ने र उक्त पूंजी सञ्चालनमा रहेका बीमक कम्पनीले २०७९ चैत्र मसान्त भित्र कायम गर्नुपर्ने व्यवस्था रहेकोमा सो बमोजिम कम्पनीको चुक्ता पूंजी कायम गर्ने प्रस्ताव सर्वसम्मतीद्वारा पारित गरियो ।

काठमाडौं

२. कम्पनीको पूंजी वृद्धि एवं अन्य व्यवस्थाहरु समेत समावेश गरी प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने र सो संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समावेश गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा:

बीमा समितिबाट जारी बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ बमोजिम कम्पनीको पूंजी वृद्धि गरी पूंजीको संरचनामा परिवर्तन गर्न कम्पनीको प्रबन्धपत्रको दफा ६ मा तपसिल बमोजिम हुने गरि संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
प्रबन्धपत्रमा भएको संशोधन

| प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|
| दफा ६ : कम्पनीको पूंजीको संरचना : कम्पनको पूंजीको संरचना देहाय बमोजिम हुनेछ:<br><br>क. कम्पनीको अधिकृत पूंजी रु. ५,००,००,००,०००/- (अक्षेरुपी पांच अर्ब) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १०० दरका ५,००,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>ख. कम्पनीको तत्काल जारी गर्ने शेयर पूंजी रु. ५,००,००,००,०००/- (अक्षेरुपी पांच अर्ब) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १०० दरका ५,००,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>ग. कम्पनीको तत्काल चुक्ता पूंजी रु.३,७५,००,००,०००/- (अक्षेरुपी तीन अर्ब पचहत्तर करोड) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १०० दरका ३,७५,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ । | बीमा समितिबाट जारी बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ बमोजिम कम्पनीको पूंजी वृद्धि गरी पूंजीको संरचनामा परिवर्तन गर्नुपर्ने भएकोले । |

३. नियामकीय निर्देशन तथा समयानुकूल पूंजी वृद्धिको आवश्यकतालाई दृष्टिगत गरी भविष्यमा अन्य कुनै जीवन बीमा कम्पनीसंग एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने प्रयोजनको लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान तथा छनौट गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि बीमा समिति समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा कम्पनी एकआपसमा गाभ्ने/गाभिनेसंग सम्बन्धित प्रचलित नियम, कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य एवं प्रक्रियाहरु पूरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देशन गरे बमोजिम विवरणहरु उपलब्ध गराउने लगायतका कम्पनी गाभ्ने/गाभिने सम्बन्धी अन्य आवश्यक कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

(ग) विविध: विविध अन्तर्गत छलफलका विषयहरु नरहेको ।

इन्स्योरेन्स काठमाडौं

१३. धन्यवाद ज्ञापन:

सभाध्यक्षज्यूबाट शेयरधनी महानुभावहरुबाट विशेष साधारण सभामा उपस्थित हुनु भई सक्रियतापूर्वक सहभागीता जनाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सुझाव सल्लाह प्रदान गरी विशेष साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु समेत उपस्थित महिला तथा सज्जनवृन्द सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । साथै सभामा छलफल गरी पारित गर्नुपर्ने अन्य कुनै विषय बांकी नभएकोले सभाध्यक्ष ज्यूले अपरान्ह ४:३० बजे विशेष साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

(दिप बहादुर वि.सी.)
कम्पनी सचिव

(प्रदीप जङ्ग पाण्डे)
अध्यक्ष